(दफा ४ तथा अनुसूची १ को भाग २ संग सम्बन्धित)

# स्थानीय राजपत्र

उदयपुरगढी गाउँपालिकाद्वारा प्रकाशित

भाग - २    खण्ड - ७    संख्या - १६

## प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधी, २०८०

उदयपुरगढी, फाल्गुन १६ गते, २०८० साल

### उदयपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको

### सूचना

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या २१ र  स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (प) को ७  ले दिएको अधिकार प्रयोग गरी उदयपुरगढी गाँउकार्यपालिकाले प्राकृतिक श्रोत व्यवस्थापन कार्यविधी, २०८० जारी गरिएको छ ।

**प्रस्तावना**

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसुचि ८ को क्रमसंख्या २१ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प) को ७ मा रहेको ढुंगा, गिटि, वालुवा, नुन, माटो खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण खारेजी र व्यवस्थापन सम्वन्धि कार्य गर्न उदयपुरगढी गाउँपालिकाको कार्यपालिकाले ढुंगा, गिट्टी, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको प्राकृतिक श्रोत व्यवस्थापन गर्न यो कार्यविधि २०८० जारी गरेको छ ।

**१. यस कार्यविधिका उद्देश्यहरू**

उदयपुरगढी गाउँपालिकाको निम्न उद्देश्य पुरा गर्न यो कार्यविधि जारी गरेको छ ।

- भुकम्प पुर्ननिर्माण कार्यमा देखिएको निर्माण सामाग्रीको अभाव हटाई पुर्ननिर्माण कार्यलाई गति दिन ।
- भिरालो जग्गालाई सम्याई घडेरी निर्माण वा खेती योग्य जग्गा निर्माण गर्न ।
- नदिजन्य उत्पादनका वस्तुहरूको संकलन तथा विक्रिवितरणवाट आवश्यक निर्माण सामाग्रीको अभाव कम गर्न ।
- व्यवस्थित उत्खनन तथा संकलन कार्य मार्फत गाउँपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न ।

**२. निजी जग्गा व्यवस्थापन (खन्न, सम्याउन)**

**२.१ निजि जग्गा व्यवस्थापन ( खन्न, सम्याउन) गर्न पाउँ भनि कुनै व्यक्तिले**

**गाउँपालिकामा निवेदन दिदा निम्न प्रकृया पुरा गर्नुपर्नेछ ।**

- सम्वन्धित निवेदकको नागरिकता ।
- जग्गाको हकभोग भएको जग्गा धनि पुर्जा ।
- सम्वन्धित जग्गाको मालपोत तिरेको रसिद / नापी नक्सा ।
- संयुक्त जग्गा भए हकवालको मन्जुरी ।
- मोही जग्गा भए मोहि र जग्गाधनि दुवैको सम्फौता ।
- सँधियारको मन्जुरी ।
- खन्न, सम्याउनपरेको व्यहोरा उल्लेखित निवेदन । सम्वन्धित वडाको सिफारिस र वडा मुचुल्का ।
- ३०० घ. मि. भन्दा बढी परिमाणको उत्खनन्, संकलन भए IEE (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदन,
- ऐलानी जग्गाको हकमा मिल्ने छैन ।

**२.२ नगरपालिकामा निवेदन दर्ता भएपछि यो प्रक्रिया पुरा गरिने छ ।**

- निवेदन साथ संलग्न कागजको प्रमाणिकरण ।
- जग्गा सम्याउनु, खन्नु पर्ने कारणको प्राविधिकवाट प्रतिवेदन ।
- कति परिणाममा माटो, वालुवा, ढुंगा निस्कने हो सो को प्राविधिक प्रतिवेदन (घन मिटरमा) ।
- कति समय लाग्ने हो समय निर्धारण ।

- कहाँ कसरी व्यवस्थापन गर्ने ।
- कति सम्म जमिन काट्न मिल्छ ।

## २.३ प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार

वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य/खानीजन्य पदार्थको संकलन/उत्खनन सम्वन्धि प्ररम्भीक वातावरण परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने गर्ने र अनुमति दिने सम्वन्धमा देहाय वमोजिम हुनेछ ।

- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ वमोजिम नदिजन्य / खानीजन्य पदार्थको संकलन/ उत्खनन सम्वन्धि प्रारम्भीक वातावरणीय परिक्षणको कार्य सुचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार २०८० असार मसान्त सम्म जिल्ला समन्वय समितिमा रहेको ।
- २०८० श्रावण १ देखि राजश्व परामर्श / वातावरण समितिको सिफारिस को आधारमा गाउँपालिकाको पालिका बोर्डको निर्णय अनुसार जिल्ला समन्वय समितिवाट उक्त प्रतिवेदन स्वीकृत हुनेछ ।
- प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसुचि तथा प्रतिवेदन को प्रस्तावक सम्वन्धित फर्म, कम्पनी वा व्यक्ति हुने ।
- प्रतिवेदनमा संकलन / उत्खनन वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समय अवधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको नक्सा सहित पेश गर्नु पर्ने ।
- नदिजन्य / खानीजन्य पदार्थ संकलन/ उत्खनन गर्दा प्रयोग गर्ने विधि रसो विधिमा प्रयोग हुने मेसिन औजार उपकरण तथा यन्त्रको विवरण, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा विज्ञ समुहमा कम्तिमा देहायको विज्ञ समावेस भएको हुनुपर्ने ।

क) जियोलोजिस्ट १ जना

ख) वातावरण विज्ञ १ जना

ग) आवश्यकता अनुसार सामाजिक, आर्थिक, आदि सम्वन्धि विज्ञहरू

- प्रतिवेदनमा प्रस्तुत नकारात्मक असर न्यूनिकरणका लागी अपनाइएका उपायहरूको विश्लेषण गरि कार्यान्वयनका लागी आवश्यक वजेट विनियोजन गरेको हुनुपर्ने ।
- जिल्ला समन्वय प्रमुख द्वारा जिल्ला अगमन तथा समन्वय समिति मार्फत गरिने जिल्ला स्तरीय अनुगमन कार्य योजना समेत प्रतिवेदनको अंश को रूपमा समावेश हुने ।
- प्राप्त कार्यसुचि तथा प्रतिवेदन उपर नगर कार्यपालिकामा छलफल हुने र कार्यपालिकाले आवश्यक ठहराएमा विज्ञ समुह वा प्राविधिकवाट स्थलगत अवलोकन गराई प्रतिवेदन लिन सक्ने ।
- पालिका कार्यपालिकावाट गठित अनुमगन समितिले नियमिति अनुगमन गरि आवश्यक निर्देशन दिने ।
- स्वीकृत प्रतिवेदनको प्रमाणीत प्रतिलिपि नगरपालिकाको वेवसाइट राख्ने व्यवस्था गर्ने ।

## २.४ सव पालिकावासीले थाहा पाउने गरी १५ दिने सार्वजनिक सुचना जारी गर्ने ।

- सूचनामा माग भाएको कित्ता जग्गा र सम्वन्धित जग्गा धनीको विवरण समेत उल्लेख गर्ने ।

२.५ प्रकाशित सुचना बमोजिम साँध संधियर राखी कोही कसैलाई असर पर्छ पर्दैन सो समेत खुलाई पालिकाको कार्यालय वा वडा कार्यालयबाट सर्जमिन गर्नेछ ।

**३. पालिकाले कार्य सम्पादन गर्दा यो प्रकृया अपनाउने छ ।**

- जग्गा व्यवस्थापनका लागी माग भएको स्थानमा सार्वजनिक जग्गा सामुदायिक वन, धार्मिक स्थल लगायत सार्वजनिक महत्व भएका स्थल भएमा कम्तिमा ५० मिटरको अन्तर छ छैन हेर्ने ।
- व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतह भन्दा अग्लो, भिरालो जग्गा हो, हैन एकिन गर्नेछ ।
- व्यवस्थापन गर्ने जग्गा, घर टहरा निर्माणका लागी हो वा कृषि प्रयोजनको लागी हो एकिन गर्नेछ ।
- मेसिन प्रयोग गर्नुपर्ने हो वा होइन खुलाउने । मेसिन प्रयोग गर्नुपर्ने आवश्यक भएमा अनिवार्य रूपमा क्ष्भ्भ गर्नुपर्ने ।
- अन्य आवश्यक कुराहरू हेर्ने ।
- अनुमति प्राप्त गरी ढुंगा, गिट्टी, बालुवा उत्खनन / संकलन शुरू भईसकेपछि वा प्रकृयामा रहदाको अवस्थामा कुनै व्यक्ति वा संस्थाले खानी जग्गा विक्रि वितरण गरि स्वामित्व हस्तान्तरण भएमा अनुमति स्वत रद्द हुनेछ ।

**४. जग्गा व्यवस्थापन गर्दा यस नगरपालिकाले लिने दस्तुर देहाय वमोजिम हुनेछः**

- प्रदेश ऐन/कानुनले भनेको तोकेको वा व्यवस्था गरेको बमोजिम प्रति युनिट/क्युफिट दररेटमा नघटाई उदयपुरगढी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**५. प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्न निम्न उपायहरू अवलम्वन गरिनेछ ।**

- व्यक्ति वा कम्पनीले खानी उत्खनन् / संकलन वा निकासी गरिसकेपछि सो क्षेत्रमा अनिवार्य रुपमा वृक्षारोपण गरि हरियाली कायम हुने व्यवस्था गर्नुपर्नेछ ।
- कसैले पनि वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरि वा जनजिवन र स्वास्थ्यलाई प्रतिकुल असर हुनेगरि काम गर्न पाईने छैन ।
- प्रयोग हुने बाटोमा धुलो उढाउने आवज जावतमा अवरोध पुग्ने गरि सवारी साधन चलाउन पाईने छैन ।
- खानीजन्य पदार्थ निकासीको लागि सवारी साधन चलाउदा स्थानीय स्तरमा छलफल गरि स्थानीय सर्वसाधरण र विद्यार्थीलाई वाधा नपर्ने गरि उपयुक्त समयमा चलाउन सकिनेछ ।
- पालिकाले नियमित अनुगमन गर्नेछ, सम्झौता बमोजिम कार्य नपाएमा स्वीकृती रद्द गरी नियम अनुसार कारवाही अगाडी बढाईने छ।
- सार्वजनिक जग्गाबाट उत्खनन् भईसकेपछि उक्त स्थानमा सिमांकन गरी हरियाली हुने गरी व्यवस्थित गर्नुपर्नेछ ।
- समय समयमा पालिकाले दिएको निर्देशन पुर्ण रुपमा पालना गर्नु पर्नेछ ।
- खानी संचालकहरुले खानीसम्म पुग्ने बाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत सम्भार गर्नुपर्नेछ ।
- विभिन्न स्थानमा भएका वासिङ कम्पनीहरुले आफुले अनुमति लिदाको वखत कम्पनी रजिस्टारको कार्यालय तथा घरेलुबाट दिएको निर्देशन अनुसार वासिङबाट निस्कीएको फोहोर पानीलाई आवश्यक उपचार गर्न टीटमेन्ट पल्लान्ट बनाई उपचार भईसकेको पानीलाई मात्र स्थानीय नदी तथा खोलामा खसाल्नु पर्नेछ ।

- खानी संचालक वा वासिङ कम्पनीहरुले बाटोमा धुलो प्रदुषण तथा ध्वनी प्रदुषण हुने गरी ढुवानीका साधनहरु चलाउन पाइने छैन र बाटोमा आवश्यकता अनुसार ट्याक्टरबाट पानी हालि धुलो नउड्ने गरि गाडीको भार बहनक्षमता अनुसारको मात्र बोक्ने पाइने र ढुवानीको व्यवस्था मिलाउनु पर्नेछ। साथै सडकमा सवारी साधन राखी पानी तर्काउने काम पुर्ण रुपमा निषेधित गरिएको छ।
- कुनै फर्म वा कम्पनीले स्वीकृती नलिई जग्गा सम्याउन तथा ढुंगा, वालुवा, माटो जस्ता खानीजन्य वस्तुको उत्खनन र विक्री वितरण गर्न पाउने छैन। गरेको पाइएमा उक्त कार्य तत्काल बन्द गराइ सम्बन्धित सवारी साधन वा व्यक्तिलाई तपसिल बमोजिम कारवाहि गरिनेछ।

तपसिल:

**क) पहिलोपटक भए जरिवाना दस्तुर**

१.ट्र्याक्टर प्रति रु. ५,०००/-

२.टिफर प्रति रु. १०,०००।-

३.जे. सी. वी प्रति रु.१५,०००।-

**ख) दोस्रोपटक भए जरिवाना दस्तुर**

१.ट्याक्टर प्रति रु. १०,०००/-

२.टिफर प्रति रु.२०,०००/-

३.जे. सी. वी प्रति रु. ३०,०००।-

**ग) तेस्रोपटक भए जरिवाना दस्तुर**

१.ट्याक्टर प्रति रु. १५,०००/-

२.टिफर प्रति रु. ३०,०००।-

३. जे. सी. वी प्रति रु.४५,०००/-

यसरी तेस्रो पटक वा सो भन्दा माथि भए यस पालिकाको कार्यपालिको निर्णय बमोजिम आवश्यक थप जरिवाना वा प्रयोग भएको मेसिनरी सामान जफत गरिने वा दुबै कार्यवाही गर्न सकिनेछ।

**६.सार्वजनिक जग्गा व्यवस्थापन गर्दा।**

- पालिकावासीको हितमा खेलकुद मैदान, सामुदायिक स्कुल, कलेज स्वास्थ्य केन्द्र भवन, मठ मन्दिर र अन्य सार्वजनिक भवन वा सार्वजनिक स्थल निर्माणका लागी जग्गा व्यवस्थापन गर्दा कार्यपालिकाको निर्णय अनुसार पालिका आफैले सार्वजनिक जग्गा व्यवस्थापन र निर्माण गर्नेछ।
- सार्वजनिक पर्ति र सरकारी जग्गामा रहेको माटो, बालुवा, ढुंगा, स्लेट लगायत अन्य खानीजन्य वस्तुहरू को उत्खनन / संकलन र विक्रिवितरण रपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण गराई कार्यपालिकाको निर्णय वमोजिम नगरपालिका आफैले वा ठेक्कापट्टा व्यवस्थाद्वारा व्यवस्थापन गर्न सक्नेछ।
- नदिजन्य उत्पादनहरू जस्तै ढुंगा, गिटि तथा बालुवा संकलन र विक्रि वितरण नगरपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण गराई कार्यपालिकाको निर्णय वमोजिम नगरपालिका आफैले वा ठेक्कापट्टा व्यवस्थाद्वारा व्यवस्थापन गर्न सक्नेछ।

- उदयपुरगढी गाउँपालिका क्षेत्रभित्र सार्वजनिक तथा पर्ति जग्गामा भएका खानीजन्य पदार्थहरू जस्तै ढुंगा, गिटि, वालुवा उत्खनन तथा विक्रिवितरण गर्न उपयुक्त स्थानहरूको पहिचान कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भीक वातावरणीय परिक्षण गराई विक्रिवितरणको व्यवस्था गर्न सकिनेछ ।
- उदयपुरगढी गाउँपालिका क्षेत्रभित्र रहेका नदिजन्य पदार्थहरू जस्तै ढुंगा, गिटि, वालुवा संकलन तथा विक्रिवितरण गर्न उपयुक्त स्थानहरूको पहिचान कार्यपालिकाले गर्नेछ र सो स्थानको प्रारम्भीक वातावरणीय परिक्षण गराई विक्रिवितरणको व्यवस्था गर्न सकिनेछ ।
- प्रारम्भीक वातावरणीय परिक्षण कार्यसम्पन्न गर्न कार्यपालिकाले विज्ञ समुहको टोली खटाई प्रतिवेदन लिन सक्नेछ ।
- खानीजन्य तथा नदिजन्य पदार्थको प्राकृतिक स्रोत उपयोग कर वातावरण शुल्क प्रदेशसभाले पारित गरे बमोजिम प्रदेश कानुन अनुसारको दररेट र सोको गा.पा.ले बढाउन सक्नेछ ।
- अन्य निकायवाट स्वीकृत लिनुपर्ने भएमा कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाले सम्वन्धित निकायवाट स्वीकृति लिनेछ ।

## ७. कम्पनी/संस्थाले जग्गा व्यवस्थापन गर्दा

- कम्पनी रजिस्टर कार्यालयमा कम्पनी दर्ता भएको हुनुपर्ने ।
- साना तथा घरेलुमा दर्ता भएको भए दर्ता प्रमाण कागजहरू ।
- साविकमा जिल्ला विकास समिति उदयपुरमा अनुमति प्राप्त भएको भए सो सम्वन्धि प्रमाणपत्र लगाएतका कागजातहरू ।
- वालुवा प्रशोधन उद्योगको हकमा सो उद्योगले कच्चा पदार्थ उठाउन सम्झौता गरेको भए निजि जग्गा व्यवस्थापन कै कार्यविधि अपनाइनेछ ।
- खानिक्षेत्रको हकमा वातावरणसंग सम्वन्धित पुर्वतयारी तथा प्रदुषण नियन्त्रण सम्वन्धि सम्पुर्ण आवश्यक कार्यहरू खानी संचालक स्वयंको जिम्मेवारीको विषय रहनेछ र यस सम्वन्धमा जानकारी वा कागजात अन्य निकायले मागेमा सो को व्यवस्था सम्वन्धित कम्पनि वा उद्योगले गर्नुपर्नेछ ।

माटो वालुवाको व्यवस्थापन गर्ने अनुमतिको अर्थ घर वनाउन घडेरी सम्याउनु भिरालो जमिनलाई खेतियोग्य वनाउनु तथा जनताको जिविकोपार्जन गर्न योग्य वनाई गरिवि निवारणमा सहयोग पुर्‍याउने उदेश्यले स्थानीय नगरपालिका वासीको जग्गालाई निजहरूको माग अनुसार उचित व्यवस्थापन गर्नु भएकोले अनधिकृत रूपमा भैरहेको प्राकृतिक श्रोतको दोहन रोक्नु र करको दायरामा ल्याउनु नगरपालिका को कर्तव्य समेत भएको हुदा सोहि अनुसार यस अनुमतिलाई लिई कार्य गर्नुहुन सम्पुर्ण सरोकारवलाहरूलाई निर्देशित गरिन्छ ।

## ८. जग्गा प्लटिङ सम्वन्धि व्यवस्था

यस पालिका क्षेत्र भित्र कुनै व्यक्ति संस्था वा समुहले जग्गा प्लटिङ गर्नुपरेमा कार्यपालिकाको स्वीकृतिको लागी देहाय वमोजिमको प्रकृया पुरा गरि नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

- प्लटिङ गर्न चाहेको जग्गाको नापी नक्सा हाल भइरहेको जग्गाको
- अवस्था र प्लटिङ पछि हुने अवस्था देखिने गरि सम्वन्धित वडाको सिफारिस सहित कागजात पेश गर्नुपर्ने ।
- प्लटिङ गर्दा स्थानीय नदिनाला वनजंगल प्रति जग्गा आदिलाई हानिनोक्सानी गर्न पाईने छैन ।

- प्लटिङको निवेदन दर्ता भइसकेपछि यस कार्यालयवाट तोकिएको प्राविधिकवाट चेकजाँच गरि प्रतिवेदन माग गरिनेछ ।
- प्रतिवेदन प्राप्त भइसकेपछि अनुमति दिन मिल्ने देखिएमा प्लटिङ गर्ने जग्गाको कुल क्षेत्रफलको सरकारी मुल्यांकनको १ प्रतिशतले हुन आउने रकम यस कार्यालयको दस्तुर तोकिएको छ ।
- तोकिएको दस्तुर वुझाईसकेपछि अनुमतिको प्रकृया वढाईने छ ।
- जग्गा प्लटिङ गर्दा मुल वाटोवाट प्लटिङ जोड्ने सडक कम्तीमा ७ मिटर चौडाईको र भित्रि सडकहरू ६ मिटर चौडाईको हुनुपर्नेछ ।
- प्लटिङ जग्गमा जाने सडक मुल सडकसंग जोडिएको र अन्य सडकसम्म निकास भएको हुनुपर्नेछ ।
- जग्गा प्लटिङ गर्दा कुल क्षेत्रफलको कम्तीमा ३० प्रतिशत जग्गा खुला क्षेत्रफल छाडिएको हुनुपर्नेछ ।
- माथि जुनसुकै कुरा लेखिएको भएतापनि पालिकाको भुउपयोग नक्सा वमोजिम खेति योग्य जग्गा भनिएको क्षेत्र वा पुरातात्वीक वा ऐतिहासिक भुभाग वा जोखिम युक्त जग्गाहरूमा जग्गा प्लटिङको अनुमति दिईनेछैन ।
- पालिकाको अनुमति वेगर कसैले जग्गाको प्लटिङ गर्न पाईने छैन । अनुमतिवेगर गरिएको प्लटिङको जग्गाको हकमा नगरपालिकाले जग्गा वेचविखन सिफारिस रोक्का गर्नूका साथै अन्य आवश्यक कार्वाही गर्नेछ।
- प्लटिङ जग़्गाको कम्तीमा मुखमा ६ मिटर हुनुपर्ने र क्षेत्रफलको हकमा पहाडी क्षेत्रमा ४ आना र तराई वा भित्री मधेशमा आठ धुर हुनुपर्नेछ ।

**९. प्राकृतिक श्रोत व्यवस्थापन र जग्गा व्यवस्थापन सम्वन्धि कार्यमा सहजीकरण गर्न नगरपालिकामा देहाय बमोजिमको समिति गठनहुनेछ ।**

- संयोजक श्री
- सदस्य श्री
- सदस्य श्री प्रमुख प्रशासकीय अधिकृत
- सदस्य श्री कार्यपालिका सदस्य, महिला
- सदस्य श्री..
- सदस्य श्री..
- सदस्यश्री.. कार्यपालिका सदस्य
- सदस्य श्री योजना शाखा प्रमुख
- सदस्य सचिव श्री श्री...... ईन्जिनियर

**१० समितिको कार्यक्षेत्र देहाय वमोजिम रहनेछ ।**

- उपरोक्त समितिले दर्ताहुन आएका एवं पालिकावाट तयार भएको प्रस्तावमाथि आवश्यक छानविन गरि आवश्यकता अनुसार प्राविधिक प्रतिवेदन समेत प्राप्त गरि, पालिका प्रमुख समक्ष पेश गर्ने छ र त्यस उपर कार्यपालिकाको वैठकमा छलफल हुनेछ ।
- ढुवा, गिट्टि, वालुवा, माटो, खरी ढुङ्गा जस्ता पदार्थहरू उत्खनन, संकलन र बिक्री करको हकमा प्रदेश ऐन कानुनले तोकेको वा व्यवस्था गरेको प्रति युनिट, क्यू. फिट दररेटमा नघटाई उदयपुरगढी गाउँपालिकाले तोकेअनुसारको दररेट कायम गरिनेछ।
- कार्यपालिकाको निर्णय वमोजिम तोकिएको पालिकाको प्रतिनिधिले जग्गा धनिसंग वा फर्म कम्पनी वा संस्थासंग सम्झौता गर्नेछ ।

- सम्झौताको जानकारी जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयलाई दिईनेछ ।

आज्ञाले

..................

(प्रमुख प्रशासकीय अधिकृत)

चित्र प्रसाद गुरागाईं
प्रमुख प्रशासकिय अधिकृत